नेपाल सरकार

# दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

## ब्याकह्यो लोडर खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४।०८।२७)

यस कार्यालयको लागि १(एक) थान ब्याकहो लोडर खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीत पूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी बोलपत्र फाराम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, कम्पनी दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण–पत्र, आ.व.२०७३।०७४ को कर चुक्ता प्रमाण–पत्रको प्रतिलिपीका साथै उत्पादक फर्म वा कम्पनीको आधिकारिक पत्रको प्रमाणित प्रतिलिपी र फाराम खरिदको आवेदन सहित यस कार्यालयवाट रू.३०००।–(तीन हजार) फिर्ता नहुने गरी बुझाएको रसिद संलग्न गरी सके पछि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म बोलपत्र फाराम प्राप्त गर्न सकिन्छ।

२. सामान सप्लाई गरेको ३ वर्षको अनुभव सम्बन्धी प्रमाण–पत्र लगायत अन्य सम्बन्धित प्रमाण–पत्रहरुको प्रमाणित प्रतिलिपिको साथै बोलपत्र सम्बन्धी सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनु पर्नेछ।

३. बोलपत्र फाराम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखाको धरौटी खाता नं. १७००३०३००७१०४ मा जम्मा गरेको २.५ प्रतिशतले हुन आउने रकमको सक्कल भौचर वा सो रकम बराबरको यस नगरपालिकाको नाममा कुनै क बर्गको बाणिज्य बैंकले जारी गरेको फाराम बुझाउने अन्तिम मितिले कम्तिमा १२० दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ।

४. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर ब्याकहो लोडर खरिद सम्बन्धी सिलबन्दी बोलपत्र भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्ममा कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।

५. दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिने छ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। म्याद नाघिआएको, रीत नपुगेको, शर्त राखी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाईने छैन। बोलपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरि भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. ब्याकह्यो लोडरको स्पेशिफिकेशन र बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्। यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमानुसार हुनेछ।

८. बोलपत्र सम्बन्धी सूचना यस कार्यालयको वेवसाईट www.dakshinkalimun.gov.np मा हेर्न सकिनेछ। साथै बोलपत्र सम्बन्धी थप जानकारीको लागि दक्षिणकाली नगरपालिका कार्यालय तथा फोन नं. ०१–४७१००२८ मा सम्पर्क गर्न सकिनेछ।

| बोलपत्र/ठेक्का नं. | कामको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रू. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/०७४/०७५ | ब्याकहो लोडर खरिद कार्य बोलपत्र पुस्तिकामा संलग्न स्पेशिफिकेशन बमोजिम | १(एक) थान | रू. ३०००।– | १,०७,५००।– |

प्रमुख प्रशासकीय अधिकृत
दक्षिणकाली नगरपालिका